**Signature and Name of Invigilator**

1. (Signature) ____________________

(Name) ____________________

2. (Signature) ____________________

(Name) ____________________

**Answer Sheet No. :** ..............................................

(To be filled by the Candidate)

**Roll No.** | | | | | | | |

(In figures as per admission card)

**Roll No.** ____________________

(In words)

**Test Booklet No.**

**D—3406**

**PAPER—II**

# NEPALI

**Time : 1¼ hours]** **[Maximum Marks : 100**

Number of Pages in this Booklet : **16** Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the question booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Serial No. of the booklet should be entered in the Answer-sheets and the Serial No. of Answer Sheet should be entered on this Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the oval as indicated below on the correct response against each item.

   **Example :** (A) (B) ● (D)

   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the Answer Sheet given **inside the Paper I booklet only**. If you mark at any place other than in the ovals in the Answer Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your name or put any mark on any part of the test booklet, except for the space allotted for the relevant entries, which may disclose your identity, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is NO negative marking.**

## परीक्षार्थियों के लिए निर्देश

1. पहले पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नज़्बर लिखिए।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं।
3. परीक्षा प्रारज़्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी। पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निज़्नलिखित जाँच के लिए दिये जायेंगे जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें। खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संज़्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं। दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ / प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें। इसके लिए आपको पाँच मिनट दिये जायेंगे। उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका की क्रम संज़्या उज़्ार-पत्रक पर अंकित करें और उज़्ार-पत्रक की क्रम संज़्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें।
4. प्रत्येक प्रश्न के लिए चार उज़्ार विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं। आपको सही उज़्ार के दीर्घवृज़्ा को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है।

   **उदाहरण :** (A) (B) ● (D)

   जबकि (C) सही उज़्ार है।
5. प्रश्नों के उज़्ार **केवल प्रश्न पत्र I के अन्दर दिये गये** उज़्ार-पत्रक पर ही अंकित करने हैं। यदि आप उज़्ार पत्रक पर दिये गये दीर्घवृज़्ा के अलावा किसी अन्य स्थान पर उज़्ार चिन्हांकित करते है, तो उसका मूल्यांकन नहीं होगा।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें।
8. यदि आप उज़्ार-पुस्तिका पर अपना नाम या ऐसा कोई भी निशान जिससे आपकी पहचान हो सके, किसी भी भाग पर दर्शाते या अंकित करते हैं तो परीक्षा के लिये अयोग्य घोषित कर दिये जायेंगे।
9. आपको परीक्षा समाप्त होने पर उज़्ार-पुस्तिका निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें।
10. **केवल नीले / काले बाल प्वाईंट पैन का ही इस्तेमाल करें।**
11. **किसी भी प्रकार का संगणक ( कैलकुलेटर ) या लाग टेबल आदि का प्रयोग वर्जित है।**
12. **गलत उज़्ार के लिए अंक नहीं काटे जायेंगे।**

# NEPALI
# नेपाली
## PAPER—II
## प्रश्नपत्र—II

**Note :** This paper contains **fifty** (50) objective-type questions, each question carrying **two** (2) marks. Attempt **all** of them.
यस प्रश्न-पत्रमा पचासवरा (50) बहु-विकल्पीय प्रश्न छन्। प्रत्येक प्रश्न दुई (2) अंकका छन्। सबै प्रश्नको उज़र दिनुपर्छ।

1. 'युरोपियन्स गाइड टु नेपाली' (सन् 1944) का लेखक को हुन्?

   (A) पादरी टर्नबुल

   (B) कोर्नेलियस

   (C) पादरी सदरल्याण्ड

   (D) डङ्कन किलगौर

2. 'कोशी' शज़्दको माउ-रूप कुन हो?

   (A) कौशी

   (B) कुष्टी

   (C) कौशिकी

   (D) कुत्सी

3. कस्तो नाट्य-मञ्चलाई 'विकृष्ट' भनिन्छ?

   (A) तीनकुने आकारको निकृष्ट।

   (B) मध्यमकोटीको चारकुने।

   (C) गोलाकार रहेर मध्य भागमा प्रदर्शन गरिने।

   (D) शैल-गुहाकार उज़म कोटोको।

4. समूह 'क'-को कुन कृति समूह 'ख'-का कुन कृतिकारको हो?

| **समूह –'क'** | | **समूह –'ख'** | |
|---|---|---|---|
| (i) | सिर्जना र मूल्याङ्कन | (अ) | तुलसीराम शर्मा 'कश्चप' |
| (ii) | नेपाली लोक साहित्य | (ब) | गणेशबहादुर प्रसाईं |
| (iii) | मन्थन | (स) | अभि सुवेदी |
| (iv) | सुवानन्ददासदेखि राजीवलोचनसम्म | (द) | चूडामणि बन्धु |

(A) i – स, ii – द, iii – ब, iv – अ

(B) i – द, ii – ब, iii – अ, iv – स

(C) i – स, ii – द, iii – अ, iv – ब

(D) i – ब, ii – द, iii – अ, iv – स

5. ''कर्मै ठूलो समरथलमा हाजिरी माग्छ विश्व।

तिम्रो टूना विजयहरूको बन्छ भित्री रहस्य॥''

— यी पंक्ति कुन कविको कुन कृतिबाट लिइएका हुन्?

(A) माधव प्रसाद घिमिरेकृत 'पापिनी आमा' - बाट।

(B) लक्ष्मीप्रसाद देवकोटाको 'शाकुन्तल' महाकाव्यबाट।

(C) लेखनाथ पौड्यालको 'बुद्धिविनोद' - बाट।

(D) लक्ष्मीप्रसाद देवकोटाको 'महाराणा प्रताप' - बाट।

6. ''मान्छेको कलर बोन साह्रै कमजोर हुन्छ। हेर यी यसो गर्दै सरिहालेको।''

— यी वाक्य कुन कृतिमा कसले कसलाई भनेका हुन्?

(A) 'आज रमिता छ' - मा पार्थिवले रविलाई।

(B) 'भ्रमर' - मा मोहनबिक्रमले तुलसी बाजेलाई।

(C) 'नरेन्द्र दाइ' - मा नरेन्द्रले मुनरियालाई।

(D) 'आज रमिता छ' - मा कृष्णलालले रविलाई।

7. ''संसार भरमा पाइन्छ यौटा

मान्छेको नामको स्वर्गको द्यौता

'त्यो म हुँ' - भन्दछन्।''

— यहाँ 'भन्दछन्' शब्दले कुन कृतिको कुन पात्रतिर संकेत गरेको छ?

(A) 'कुञ्जिनी' - को सेर्पा साङ्गे सोङ्गो।

(B) 'ज़्हेन्दु' - को राङ्जा।

(C) 'पृथ्वीराज चौहान' - को राजा जयचन्द।

(D) 'पृथ्वीराज चौहान' - को महज़्मद गोरी।

8. अमेरिकेली नवआलोचनालाई 'साहित्यलोचनको निज़्बु-निचोर-पद्धति' भनेर व्यङ्गच गर्ने को हुन्?

(A) आई. ए. रिचर्ड्स।

(B) एफ. आर. लिविस।

(C) टि. एस. इलियट।

(D) रेमन्ड विलियज़्स।

9. तलका कथन मध्ये कुनै दुइवटा मात्र सही छन्। ती कुन-कुन हुन्?

(I) 'गोण्डी' आग्नेय परिवारको भाषा हो।

(II) 'लेप्चा' सार्वनामिक प्रकृतिको भाषा होइन।

(III) विवार ध्वनिलाई नै 'श्वास-ध्वनि' पनि भनिएको छ।

(IV) उराउँ आग्नेय परिवारको भाषा होइन।

(A) I र IV

(B) II र IV

(C) I र III

(D) II र III

10. ''शरणमा रणमा क्षमता लिने

अब कुनै अरूको भर पर्दिनँ''

-यह श्लोकमा कुन अलङ्कार पाइन्छ ?

(A) यमक

(B) श्लेष

(C) स्वभावोक्ति

(D) वक्रोक्ति

11. ''धर्मको नाममा ऋषिको प्रतिबिज़्बलाई एक मुट्ठी दाना त देऊ'' -देवकोटाले यस पंज़्तिमा 'ऋषिको प्रतिबिज़्ब' भनेर कसतर्फ सङ्केत गरेका हुन् ?

(A) समाधिलीन तपस्वी

(B) पालेका पशु-पन्छी

(C) भिखारी।

(D) गरीब जनता।

12. 'पदान्वयको अपसिद्धान्त' -को अवधारणा कसले प्रतिपादन गरे ?

(A) जोह्न को च्यान्सम।

(B) ज़्लिन्ध ब्रुज़्स।

(C) विलियम के विज़्साट।

(D) विज़्साट र बियर्डसली।

13. ''आँखा भन्नु ति नै आँखा अरु ता डोब मात्र हुन्।

पुष्प भन्नु ति नै पुष्प अरु ता नाम मात्र हुन्॥'' -यस श्लोकमा कुन अलङ्कार पाइन्छ ?

(A) लाटानुप्रास

(B) छेकानुप्रास।

(C) वृत्यानुप्रास

(D) श्लेष।

14. भाषाविज्ञानको इतिहासमा 'चज़्स्केली क्रान्ति' भन्नाले के बुझिन्छ ?

(A) वाज़्य - व्याकरण लेखनको विकास।

(B) 'आन्तरिक एवं वाह्य संरचना' का अवधारणाको विकास।

(C) 'निकट घटक विश्लेषण' - को अवधारणाको प्रतिपादन।

(D) रुपान्तरण व्याकरणको आगमन।

15. मान-स्वरको सिद्धान्तअनुसार स्वर- ध्वनिको वर्गीकरण गर्ने तीनवटा आधार कुन - कुन हुन् ?

(I) जिब्रोको उचाइ।

(II) ओठको गोलाइ।

(III) जिब्रोको पश्चता।

(IV) स्वरतन्त्रीको स्थिति।

(A) I, II र III

(B) I, III र IV

(C) II, III र IV

(D) I, II र IV

16. भारतीय नाट्य-शास्त्रमा 'नाट्य' मातृका भनेर केलाई भनिएको छ ?

(A) प्रसाद, माधुर्य, ओज आदि काव्यगुण।

(B) मध्या, प्रगल्भा, प्रौढ़ा आदि नायिका भेद।

(C) प्रकरी, पताका, कार्य आदि नाटकीय कथानक।

(D) कैशिकी, आरभटी भारती आदि वृज़ि।

17. ''उल्का हुन्छ अनेक् अनेक् सहरमा उत्सव् भन्याको रती।

काहीँ छैन बताउँ यो म महाराज! याहाँ हजुरमा कती॥

तस्मात् विन्ति छ यो बहुत् हजुरमा हित् जाति लीनू हवस्।

सीतानाथ् कन ईश्वरै बुझि सिता सुज़्पेर दीनू हवस्॥''

रामायणकों युद्धकाण्डमा रावणालाई यस्तो सल्लाह दिने पात्रको नाउँ के हो?

(A) माल्यवान।

(B) मारिच।

(C) विभीषण।

(D) कुज़्भकर्ण।

18. पञ्चचामर छन्दमा कुन-कुन गण र मात्रा हुन्छन्?

(A) ज त ज र ग।

(B) ज र ज र ज ग।

(C) र न र भ ल ग।

(D) र न भ ग ग।

19. ''साना लुला पयरका सुकुमार बाल।

बस्छन् जहाँ छ वनमा कपि औ सियाल॥

कॉढ़ा बिझेर तनमा दुःख घोर पाई।

खानै नमिल्ट्छ हरे तिनलाई हाई॥''

— यहाँ 'तिनलाई' भनेर कसतर्फ संकेत गरिएको हो?

(A) 'महाराणा प्रताप'मा प्रतापका बालबच्चा।

(B) 'पृथ्वीराज चौहान'का साना शिशुहरू।

(C) 'शाकुन्तल' महाकाव्यमा मृगशावक।

(D) रामायणमा लव र कुशलाई।

20. तल समुह 'क' का कुन छन्दमा समुह 'ख' का कुन गण र मात्रा रहन्छन् ?

| | **समूह - क** | | **समूह - ख** |
|---|---|---|---|
| (I) | स्रग्विणी | (अ) | म म म म। |
| (II) | भुजङ्गप्रयात | (ब) | स स स स। |
| (III) | विद्युल्लेखा | (स) | र र र र |
| (IV) | तोटक | (द) | य य य य |

(A) I - ब, II - स, III - द, IV - अ

(B) I - द, II - स, III - अ, IV - ब

(C) I - स, II - द, III - अ, IV - ब

(D) I - स, II - अ, III - द, IV - ब

21. तलका मध्ये कुनचाहिँ भाषा शौरसेनी प्राकृतबाट विकसित भएको मानिन्छ ?

(A) गुजराती।

(B) सिन्धी।

(C) पश्चिमी हिन्दी

(D) असमिया

22. नेपालका कुन ठाउँमा अशोकका शिलालेख पाइएका छन् ?

(A) जुम्ला

(B) रुकुमदेही

(C) मोरङ

(D) दुल्लु

23. भारतीय संस्कृतिमा पुनर्जन्मवादको अवधारणा कुन जातिका मानिसले भित्र्याएकों मानिन्छ ?

(A) द्रविड़

(B) अस्ट्रिक

(C) मङ्गोल

(D) आर्य।

24. ''एक दर्शनमा ज्ञान अनन्त छ;

एक वाणीमा वेद हजार!

धर्म यसै गरी जन्मे होलान्,

साहित्य, कला औ संसार।''

– यो कवितांश कहाँ बाट लिइएको हो?

(A) देवकोटाको 'दोर्जेलिङको बाघचुलीमा'।

(B) समको 'चिसो चुह्लो'।

(C) देवकोटाको 'शाहजहाँको इच्छा'।

(D) देवकोटाको 'ज्वरशमना प्रकृति'।

25. तलका मध्ये कुन – कुन तीनवटा नेपाली शब्द द्रविड़ मूलबाट संस्कृत हुँदै आएका मानिन्छन्?

(I) कदली

(II) ओखली

(III) कुटी

(IV) मुख

(A) I, II, III

(B) I, III, IV

(C) II, III, IV

(D) I, II, IV

26. संस्कृत व्याकरणका 'मुनि त्रय' कसलाई मानिएको छ?

(A) यास्क, पाणिनि, पतञ्जलि।

(B) पाणिनि, पतञ्जलि, कात्यायन

(C) यास्क, पाणिनि, कात्यायन।

(D) पाणिनि, भर्तृहरि, हेमचन्द्र।

27. ''हामी सागरपारिका कुरामा बहस गर्दछौं र आपना मार्मिक र समीपवर्ती विषयहारूमा आँखा चिज़्लने गर्दछौं।''

- यी पंक्ति कहाँबाट झिकिएका हुन्?

(A) नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष।

(B) पहाड़ी जीवन।

(C) के नेपाल सानो छ?

(D) हाइ हाइ अङ्ग्रेजी

28. ''धैरे लामो सुख प्रकृतिले जिन्दगीलाई दिन्नन्।

सारा हाम्रा ऋतुहारू विषे अल्पलाग्ने वसन्त॥''

- यी पंज़्तिका रचनाकार को हुन्?

(A) लक्ष्मीप्रसाद देवकोटा।

(B) माधव घिमिरे।

(C) दैवज्ञराज न्यौपाने।

(D) कालीदास पराजुली।

29. नाटक तथा महाकाव्यमा नायकका कस्ता सहायकलाई 'चेट' भनिन्छ।

(A) नोकर

(B) गुण्डो

(C) नैतिक सहाय।

(D) ठठ्यौलो मित्र।

30. भाषाविज्ञानमा 'दोहोरो अभिव्यज़्ति' को अवधारणा कसले प्रतिपादन गरेका हुन्?

(A) आन्द्रे मातिनै।

(B) मेथेसियस।

(C) सस्युर

(D) रोमन याकोज़्सन।

31. 'सन्ध्यक्षर' केलाई भनिन्छ ?

(A) कुनै दुई वर्णको मेल।

(B) व्यञ्जन-व्यञ्जनको योग।

(C) दुईवटा स्वरवर्ण एउटै अक्षरमा उच्चारित भएमा।

(D) स्वर र व्यञ्जनको मेल।

32. ''मेरो तकियामुनि सूर्य लुकेर
मध्याह्नतिर देखा पर्छ।
घाम हिउँमा पग्लिन्ह।
फेरि पारव्योमा राप्पिन
हरेक ढोका उघार्न
चाँड़ै नै प्रकाश खुल्छ
सुनौला बिहानभित्र।''

- यी पंक्तिका रचनाकार को हुन् ?

(A) भूपि शेरचन।

(B) वीरेन्द्र्

(C) मोहन कोइराला

(D) पारिजात।

33. ''युरोपमा फाटो भयो युद्ध भयो भारी
घर घर दु:खी भए सारा नरनारी।
ठुलो सानु भन्नुहुन्न फाटो हो नजाती
यस्ले बढ्छ नर-लोक्मा अज्ञानको काती॥''

- यो पद्य कुन छन्दमा छ ?

(A) भऱ्याउरे।

(B) सवाई

(C) सेलो

(D) कविज्ञ

34. ''नेपाली कविता - समुद्र - लहरी उर्लीरहेका छन।
नानारव्यानक काव्य - नाटक सुधा दिन्छन् सधैं जीवन।''
- यस श्लोकमा कुन अलङ्कार पाइन्छ ?
(A) रुपक
(B) दीपक
(C) उपमा
(D) स्वभावोक्ति

35. आई ए. रिचर्ड्स्ले कस्ता काव्यलाई 'अन्तर्निवेशी काव्य' भने ?
(A) अग्रज कविहरूका कृतिबाट पनि उद्धरण समावेश गर्दै लेखिएको काव्य।
(B) कुनै एउटा विषयमा केन्द्रित रहेर अरूदेखि भिन्न देखिने काव्य।
(C) विभिन्न परस्पर मिल्दा - अमिल्दा भाव र आवेगहरूको समावेश रहेको काव्य।
(D) परस्पर मिल्दा - जुल्दा भाव र आवेगहरू मात्र समेटेर अरूको प्रत्याहार गरी लेखिएको काव्य।

36. 'तनाउ नै कविताको मूल तत्त्व हो' भन्ने आलोचक को हुन ?
(A) आर. पि. ब्ल्याकमर
(B) एलेन टेट
(C) आई. ए. रिचर्ड्स
(D) क्लिन्थ ब्रुक्स

37. कस्ता ध्वनिलाई 'आक्षरिक ध्वनि' भनिन्छ ?
(A) पदादि स्वर
(B) कोडा
(C) अक्षरको केन्द्रमा आउने स्वर
(D) एकैसाथ उच्चारित हुने दुइपटा स्वरध्वनि।

38. 'निकट घटक' को अवधारणा प्रतिपादन गर्ने भाषाविज्ञानी को हुन् ?
(A) ब्लुमफिल्ड
(B) सि. एफ. हकेट
(C) सस्युर
(D) चम्स्की

39. ''पढ़ाउँछु भनी गर्व गर्नुहुन्छ भने गुरु

समातेर कुनै चिल्लो दुङ्गालाई पढ़ाउनोस्।''

– यी पंक्ति कहाँबाट लिइएका हुन्?

(A) 'सुलोचना' महाकाव्य

(B) 'प्रह्लाद' नाटक

(C) 'अमरसिंह' नाटक

(D) 'शाकुन्तल' महाकाव्य।

40. 'सिन्धी भाषा कुन अपभ्रंशरबाट विकसित भएकों हो?'

(A) ब्राचड़

(B) पैशाची

(C) शौरसेनी

(D) मागधी

41. ''बिहा गरिदिने फुल्छन्

ओइलिन्छन् झन् बिहा हुनो।''

–यी पंज़्ति कसका कृतिबाट लिइएका हुन्?

(A) समको 'भज़्त भानुभज़्त'

(B) समको 'प्रह्लाद'

(C) देवकोटाको 'सुलोचना'

(D) देवकोटाको 'शाकुन्तल'

42. कस्ती नायिकालाई 'वासकसज्जा' भनिन्छ?

(A) कामातुर भई, सज्जिएर प्रियतमकहाँ जाने वा उसलाई बोलाउने।

(B) प्रेमी आउने बेलामा सिंगारिएर कोठामा परिर्वबस्ने।

(C) आपनो नायकको आँखा छली परपुरुषसित प्रेम-क्रीड़ा गर्ने।

(D) प्रेमीले आउँछु भनेर पछिबाट नआउँढा दु:खी बनेकी।

43. द्वितीय प्राकृत काल भन्नाले कुन अवधि बुझिन्छ?

(A) ईस्वी पहिलो शताज्दि देखि पाँचौं शताज़्दीसज़्म।

(B) ईसापूर्व 500 देखि 100 सज़्म।

(C) इसापूर्व 500 भन्दा पूर्व।

(D) ईस्वी 500 देखि 1000 सज़्म।

44. काव्यदोषका एज़्काईस भेद भान्ने आचार्य को हुन्?

(A) भरत

(B) दण्डी

(C) भाभह

(D) वामन।

45. ''तिमी जान्ने सुन्ने मनुज चतुरा, हामी विचरा
चरा साह्रै साना अबुझ, वनका केवल फिरा।
तथापि श्रद्धाले झुकि विनति गर्छु म सरस
वृथा मेरो भन्ने जटिल ममताग्रन्थि नकस॥''

–यी पंक्ति कहाँबाट लिइएका हुन्?

(A) लेखनाथ पौड्यालको 'तरुन तपसी' – बाट।

(B) लेखनाथ पौड्यालको। 'गौथलीको चिरिबिरी' – बाट।

(C) लेखनाथ पौड्यालको 'वसन्त कोकिल' – बाट।

(D) देवकोटाको 'धोबिनीले पगली बोली' – बाट।

46. 'पहेलो सूर्य' कसको रचना हो?

(A) इन्द्रबहादुर राई।

(B) प्रेमा शाह।

(C) शरद् छेत्री

(D) वाणिरा गिरो।

47. 'अभीष्टको खोज' कुन विधाको कृति हो?

(A) यात्रा-संस्मरण।

(B) कथा

(C) उपन्यास

(D) नाटक

48. 'तेस्रो एक मुखे रुद्राक्षको खोजीमा' - का लेखक को हुन?

(A) बालकृष्ण पोखरेल

(B) पूर्णप्रकाश नेपाल 'यात्री'।

(C) मोहनप्रसाद खनाल

(D) कृष्णप्रसाद पराजुली।

49. नेपाली भाषाका 'च छ ज झ' कस्ता व्यञ्जन हुन्?

(A) तालव्य

(B) संघर्षी

(C) स्पर्शोष्म

(D) दन्तमूलीय

50. ''सुन सखी! भ्रमरो कहिँ देखियो

रसभरी म उपर्अति लोभियो।

कमलका भ्रमले मुखमा बस्यो

भ्रमरले मकनै बहुतै डस्यो॥''

— यस पद्यका रचयिता को हुन्?

(A) राजीवलोचन जोशी।

(B) मोतीराम भट्ट

(C) कालिदास पराजुली

(D) लक्ष्मीदज्ञ पन्त

- o O o -

**Space For Rough Work**